दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २९७ | बुटवल | २०८२ कात्तिक २१ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday November 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### बेमौसमी वर्षाको असर :

# लुम्बिनीमा साढे १३ करोडको धानबाली पूर्ण क्षति





कृषि विकास निर्देशनालय, रुपन्देही
वर्षातबाट धान बालीमा भएको क्षतिको अनुमानित विवरण

| क.सं. | जिल्ला | धान लगाएको क्षेत्रफल (हेक्टर) | धानबाली काटेर थन्काएको: क्षेत्रफल (हेक्टर) | धानबाली काटेर थन्काएको: प्रतिशत | धानबाली काटेर खेतमा भिजेको: क्षेत्रफल (हेक्टर) | धानबाली काटेर खेतमा भिजेको: प्रतिशत | धान बाली कटानी हुन बाँकी: क्षेत्रफल (हेक्टर) | धान बाली कटानी हुन बाँकी: प्रतिशत | पूर्ण क्षति भएको: क्षेत्रफल (हेक्टर) | पूर्ण क्षति भएको: प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | ४९९६१ | ३११८० | ६२ | ३६० | ०.६ | २८१८२ | ४७ | २४० | ०.४ |
| २ | नवलपरासी | २००७० | १२६४४ | ६३ | ४१० | २ | ७०२५ | ३५ | २०१ | १ |
| ३ | कपिलवस्तु | ६५५४१ | २३२०२ | ३५.४ | ३०६३ | ४.६५ | ३११४८ | ४९.७३ | १४४ | ०.२२ |
| ४ | दाङ | ३५३६४ | २८९१८ | ८२ | १०९४ | ३ | ५३०५ | १५ | ० | ० |
| ५ | बाँके | ३३७३६ | २६९८९ | ८० | ० | ० | ६७४७ | २० | ० | ० |
| ६ | बर्दिया | ५०१५० | ३००९० | ६० | १४६ | ०.२९ | १९९०५ | ३९.६९ | ५ | ०.०१ |
| ७ | पाल्पा | ७८८२ | २३६५ | ३० | ४११ | ५ | ५५१७ | ७० | ३२ | ०.४ |
| ८ | अर्घाखाँची | ६६२५ | १९८८ | ३० | ६७६ | १० | ३९२२ | ५९.२ | ५३ | ०.८ |
| ९ | गुल्मी | ७३८७ | १४०४ | १९ | ७७५ | ११ | ४९४९ | ६७ | २२२ | ३ |
| १० | रोल्पा | ४५४७ | ४३५३ | ९५.७३ | ० | ० | १९४ | ४.२७ | ० | ० |
| ११ | प्युठान | ६३९५ | ५७५६ | ९० | ३१३ | ५ | ३२० | ५ | ० | ० |
| १२ | रुकुम पुर्व | ३५२ | ३४८ | ९८.८६ | २ | ०.५७ | २ | ०.५७ | ० | ० |
| | जम्मा | २९८०१० | १६९३१५ | ५६.८२ | ७२५० | २.४३ | १२१२१५ | ४०.६७ | ८९६ | ०.३० |

**टिआर शर्मा**
*बुटवल*

गत हप्ता परेको बेमौसमी वर्षाका कारण लुम्बिनी प्रदेशमा लगाइएको धानबाली मध्ये १३ करोड ४३ लाख मूल्य बराबरको धानबालीमा पूर्ण क्षति भएको छ।

उक्त वर्षाले प्रदेशका १२ जिल्ला मध्ये ७ जिल्लाको ८९६ हेक्टरको ३ हजार ८९७.६८ मेट्रिक टन धानबाली पूर्णरुपमा क्षति भएको हो। ३ हजार ४ सय ६३ रुपैयां ८१ पैसा प्रति क्वीन्टल समर्थन मूल्य र ४.३३ मेट्रिक टन प्रति हेक्टर उत्पादकत्वका आधारमा यो क्षति भएको प्रदेश कृषि विकास निर्देशनालयका सूचना अधिकारी वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले जानकारी दिए।

यो वर्ष लुम्बिनी प्रदेशमा २ लाख ९८ हजार १० हेक्टरमा धान रोपिएकोमा प्रारम्भिकरुपमा संकलन भएको विवरण अनुसार कूल बालीको ०.३० प्रतिशत धान पूर्णरुपमा क्षति भएको अधिकृत गैरेले बताए।

निर्देशनालयका अनुसार सबैभन्दा बढी रुपन्देहीको २४० हेक्टर र सबैभन्दा कम बर्दियामा ५ हेक्टरको धानबाली पूर्ण क्षति भएको छ। बढी क्षति हुने जिल्ला मध्ये दोस्रोमा गुल्मीको २२२ हेक्टर, तेस्रोमा नवलपरासी पश्चिमको २०१ हेक्टर र चौथोमा कपिलवस्तुको १४४ हेक्टरको धानबाली पूर्णरुपमा क्षति भएको छ।

यस्तै अर्घाखांचीमा ५३ हेक्टर र पाल्पामा ३२ हेक्टर खेतको धान बालीमा पूर्ण क्षति भएको छ। 'प्रतिशतमा हेर्दा थोरै भएपनि किसानको व्यक्तिगत धान खेतीको हिसाब गर्दा किसानका लागि यो पनि ठूलै क्षति हो'-निर्देशनालयका प्रमुख रामप्रसाद पाण्डेले भने-'यो प्रारम्भिक विवरण हो, अब प्रदेशका पालिका र किसान समेतको यकिन तथ्यांक केही दिनमा आउंछ।'

प्रदेशमा एक लाख ६९ हजार ३ सय १५ हेक्टर अर्थात ५६.८२ प्रतिशत धानबाली विना क्षति थन्काइएको र एक लाख २१ हजार २ सय १५ हेक्टर अर्थात ४०.६७ प्रतिशत धान काट्न बांकी रहेको निर्देशनालयका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले जानकारी दिए।

काटेर खेतमा राखेको मध्ये ७ हजार २५० हेक्टर अर्थात २.४३ प्रतिशत धानबाली भिजेको उनले बताए। प्रदेशका दाङ,बांके,रोल्पा,प्युठान र रुकुम पुर्वमा धान बालीमा हालसम्म क्षति नभएको निर्देशनालयले जनाएको छ।

# जेनजी विद्रोह पनि तुहिने खतरा छ : विप्लव



काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव नेत्रविक्रम चन्द्र विप्लवले जनयुद्ध जस्तै जेनजी विद्रोह पनि तुहिने खतरा बढेको बताएका छन्।

जनताको अवस्था परिवर्तनका लागि लडेको, तर जनयुद्धबाट त्यो पार नलगेको भन्दै विप्लवले अहिले जेनजी विद्रोह पनि तुहिने खतरा बढेको बताए।

सर्वपक्षीय सरकारको माग गर्दै काठमाडौंमा प्रदर्शनपछिको सभामा बोल्दै अध्यक्ष विप्लवले भने-'हामीले जेनजी युवाहरूलाई धन्यवाद दिनुपर्छ, हाम्रो पार्टीले लडेकै हो, तर हाम्ले पार लगाउन सकेका थिएनौं, विभिन्न क्षेत्रबाट लडेका थिए, जनताहरू। तर जनताले पार लगाउन गाह्रो भएको थियो, जनयुद्ध बिचमै तुहिएको थियो, त्यसलाई पार लगाउन सकेको थिएन।'

उनले शासकको अहंकारले जेनजी विद्रोह विस्फोट भएको बताए। 'भ्रष्टचारहरूले अटेर गर्दै नसुनेपछि, मुर्खता गर्दैगएपछि, जनतालाई यी केही पनि होइनन् जे गरे पनि हुन्छ भन्ने ठान्न थालेपछि, प्रशासन छ, राज्य छ, डण्डा छ, बन्दुक छ, जेल, कानुन छ भनेर मनपरी गरेपछि जेनजी विस्फोट भयो।'- उनले। जेनजी कुनै पार्टी नभएको बताउँदै विप्लवले पार्टीले गर्न नसकेको काम जेनजीले गरेको भन्दै सबैले धन्यवाद दिनुपर्ने बताए।

जेनजी विद्रोहले मुलुक नयाँ मोडमा आइपुगेको बताउँदै उनले नेपालमा संसदीय व्यवस्था नराम्रोसँग असफल भएको बताए। भ्रष्टाचारको अन्त्य, संसदको विघटन, नयाँ संविधानको पुनर्लेखन, प्रत्यक्ष कार्यकारीको निर्वाचनको माग राख्दै जेनजीहरूले नारा लगाइरहँदा आफ्नो पार्टीले पनि पहिलो दिनदेखि नै समर्थन जनाएको उनले बताए। तर आन्दोलनको दुई दिनपछि बनेको अन्तरिम सरकार हेर्दा जेनजी विद्रोह तुहिने खतरा देखिएको उनको आरोप छ।

उनले भने-'जब जेनजीहरू संगठित प्रक्रिया पूरा भइरहेको थिएन, नेपालमा जेनजी विद्रोह फेरि असफलतातिर जाने संकेत देखिएको छ, लगभग यदि नयाँ पुस्ताले तुरन्त नयाँ-नयाँ कदम चाल्ने स्थिति भएन भने नेपालका सबै श्रमिक जनताले जेनजीसँग तालमेल मिलाएर अधुरो कामलाई पूरा नगर्ने हो भने लगभग जनयुद्धकै हालतमा त्यो भन्दा पनि खराब स्थितिमा जेनजी विद्रोह पुग्दैछ।'

माओवादी जनयुद्धपछिको परिवर्तनलाई दलालहरूले कब्जा गरेको भन्दै विप्लवले जेनजी विद्रोहपछिको नेपाललाई विदेशी दलालले कब्जा गर्न खोजेको आरोप लगाए। जेनजी विद्रोहपछिको अवस्थामा पनि राज्य संयन्त्र प्रयोग गरेर मुलुकमा केही हुँदैन भन्ने भ्रम फिजाउन खोजिएको उनको दाबी छ। जेनजी युवाहरूलाई व्यवस्थित भएर लड्न विप्लवको आग्रह छ।

# खोला ठेक्कामा एक करोड बढी भ्रष्टाचारमा मुद्दा

बुटवल। अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अख्तियार) ले राजस्व रकम हिनामिनाको आरोपमा आन्तरिक राजस्व कार्यालय धरानका तत्कालीन कर अधिकृत तिलक आलेसहित दुईजनाविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको।

मोरङको सुन्दरहरैंचा नगरपालिकाले गछिया खोलामा नदीजन्य पदार्थ उत्खननूका लागि स्वामिनारायण निर्माण सेवा प्रालि, धरानसँग ९ करोड ५१ लाख ५१ हजार ५१ (भ्याटबाहेक) मा ठेक्का सम्झौता गरेकोमा। कम्पनीले १ करोड २३ लाख ६९ हजार ६४९ भ्याट आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा अधिकृत र ठेकेदारसँग मिलेमतोमा उक्त रकम अनियमितता गरेको अख्तियारको भनाइ छ।

तत्कालीन कर अधिकृत आले र स्वामिनारायण निर्माण सेवा प्रालिका प्रबन्ध निर्देशक सन्तोषकुमार बस्नेतलाई जनही १ करोड २३ लाख ६९ हजार ६४९ कायम गरी सोही बिगोबराबर जरिवाना र कैद सजायको मागदाबीसहित मुद्दा दायर गरिएको हो।

## कांग्रेस नेता खड्काको सम्पत्ति जफत हुनसक्ने

बुटवल। कांग्रेस नेता एवं पूर्व उर्जामन्त्री दीपक खड्कालाई युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले आफ्नै स्वामित्वमा रहेको जग्गा र सो जग्गामा निर्माण भएका संरचना प्रयोगको बहालको बक्यौता रकम सात दिनभित्र तिर्न ताकेता गरेको छ।

अन्यथा जग्गामा निर्माण भएका सम्पूर्ण भवन तथा सामानहरु जफत गर्ने चेतावनी स्काउटको प्रधान कार्यालयले दिएको छ।

बिहीबार प्रकाशित सार्वजनिक सूचनाअनुसार स्काउटको जग्गा र त्यहाँका संरचना खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिले भाडामा सञ्चालन गर्दै आएको छ। सो कम्पनी पूर्व ऊर्जामन्त्री तथा कांग्रेस नेता दीपक खड्काको हो।

तर भाडा चुक्ता नगर्दा स्काउटलाई अपूरणीय क्षति पुगेको उल्लेख छ।

त्यसैले सात दिनभित्र बहालको बक्यौता रकम तिर्न अन्तिम मौका प्रदान गरिएको सूचनामा उल्लेख छ।

सूचनामा लेखिएको छ-'उक्त समयावधिभित्र बहाल तिर्न नआए नेपाल स्काउट र त्यस खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिबिच भएको सम्झौताको बुँदा नं. ४ बमोजिम र मुलकको देवानी संहिता २०७४ को परिच्छेद १२ दफा ६१९, ६२० (४) र ६२१ बमोजिम जग्गामा निर्माण भएका सम्पूर्ण भवन तथा सामानहरु जफत गरिने र उक्त जफतबाट समेत नपुग हुन आउने रकम घरघराना वा जायजेथाबाट असुल उपर गर्ने व्यहोरा समेत सूचित गरिन्छ।'

खड्काको कम्पनीले कति रकम तिर्न छ भन्ने सूचनामा खुलाइएको छैन।

# रवि र छविको मुद्दामा थप मिसिल झिकाउन आदेश





बुटवल। उच्च अदालत बुटवल इजलासले रास्वपा सभापति रवि लामिछाने र पूर्व डीआइजी छविराज जोशीको बारेमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको आदेश र अरु फाइलहरू मगाउन आदेश गरेको छ।

न्यायाधीशद्वय बासुदेव आचार्य र न्यायाधीश ओमप्रकाश अर्यालको इजलासले मिसिल झिकाउन आदेश गरेको हो।

जिल्ला अदालतबाट फाइल पेश भएपछि आफूमाथि हुनसक्ने बिगो बराबरको रकम जम्मा गरेर थुनामुक्त हुन पाउँ भन्ने रविको निवेदनमाथि सुनुवाइ हुनेछ।

मुद्दाको सुनुवाइको क्रममा सुरुमा छविलाल जोशीका तर्फबाट अधिवक्ता अपूर्व खतिवडाले वहस गर्ने क्रममा न्यायाधीशले मुद्दाको मिसिल अपुग भएको भन्दै थप मिसिल झिकाएर मात्र अर्को पेशी चढ्ने र सुनुवाइ हुने निर्णय सुनाएका थिए।

त्यसपछि रविका कानुन व्यवसायीले बहस गर्नै नपाइ बहस टुंगिएको हो। मुद्दाको अर्को पेशी कहिले तोकिने भन्ने यकिन भइसकेको छैन।

यसअघि कात्तिक १३ गते तोकिएको पेसीमा जोशीका कानुन व्यवसायीले निवेदन दिएपछि सुनुवाइ स्थगित भएको थियो। त्यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले रवि र छविको एकै प्रकृतिका मुद्दा भएकाले जोशीसमेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश गरेको थियो।

बिगो बमोजिमको रकम बुझाइ थुनाबाहिरै बसेर मुद्दा लड्न लामिछानेले माग गरेकामा उच्च अदालतले उनीसँगै जोशीको पनि फाइल पेस गर्न आदेश दिएको थियो।

यसअघि लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश गरेको थियो।

बुटवलको सुप्रिम सहकारी ठगीको मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा पनि जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराएका थिए।

यसअघि उनले आफ्नो भागको बिगो दाखिला गरेर सहकारी ठगीको मुद्दाबाट छुटकारा दिन माग गर्दै जिल्ला अदालतमा निवेदन दिएका थिए।

जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको इजलासले साउन २६ गते उनको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो। सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई १० करोड ९९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ। लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो दाखिला गरेको कागजात पेस गरेका थिए।

लामिछानेले २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत निवेदनसाथ पेस गरेका थिए। रविले आफू सहकारीको शेयर सदस्य, सञ्चालक, ऋणी केही नभएको जिकिर गर्दै आफूले निवेदन दिएर हस्ताक्षर गरेर ऋण नलिएको र बचत अपचलन नगरेको दाबी गर्दै आएका छन्।



# सम्पादकीय

## उर्वराशक्ति क्षयीकरणले निम्त्याउने संकट

मुलुकमा माटोको उर्वरा शक्ति बर्सेनी क्षयीकरण हुँदै गएकाले कृषि उत्पादनमा गम्भीर संकटको सम्भावना नजिकै छ । रासायनिक मलको अत्यधिक प्रयोग, पोटास तत्वमा निरन्तरको कमी आदि कारणले उर्वरा शक्ति घट्दै गएको तथ्य सार्वजनिक भएपछि उर्वराशक्ति बढाउन चाल्नुपर्ने कदमप्रति सरकार मौन देखिन्छ । योजना निर्माण र कार्यान्वयनका पाइला सुस्त छन् ।

कृषि विभागले ३० हजार नमूना परीक्षण गर्दा ४५ प्रतिशत माटो मात्रै तटस्थ प्रकृतिको पाइएको छ । नेपालमा खेतीयोग्य जमिन २९ लाख हेक्टर छ। कृषि विभागका अनुसार खेतीयोग्य जमिनको ५५ प्रतिशत माटो अम्लीय प्रकृतिको छ। पाँच प्रतिशत क्षारीय र ४० प्रतिशत माटो मात्र तटस्थ प्रकृतिको पाइएको छ। उत्पादनका लागि तटस्थ माटो उपयुक्त हुन्छ। उत्पादनका लागि माटोको गुणस्तर उपयुक्त नभेटिनुले राम्रो संकेत गरेको छैन। माटोको गुणस्तर खस्कदा त्यसको असर समग्र कृषि क्षेत्रमा परेको छ। कृषि उत्पादन बढाउन पहिलो शर्त माटोको गुणस्तर हो । गुणस्तरीय माटोले मात्रै कृषि उत्पादन बढाउँछ। माटोको गुणस्तर खस्कनुको कारण मनपरी रासायनिक मलको प्रयोग हो ।

विभागका अनुसार मुलुकमा खेती गरिने जमिनको ५६ प्रतिशतमा नाइट्रोजनको मात्रा न्यून छ। ३० प्रतिशतमा मध्यम र १४ प्रतिशतमा अधिक रहेको छ। फस्फोरस तत्व भने तुलनात्मक रूपमा राम्रो पाइएको छ। जसमा ४२ प्रतिशतमा न्यून, २८ प्रतिशतमा मध्यम र ३१ प्रतिशतमा अधिक रहेको छ। पोटास तत्वको मात्रा भने तीव्र गतिमा घटिरहेको छ। जसमध्ये ५० प्रतिशतमा न्यून, २६ प्रतिशत मध्यम र २४ प्रतिशतमा अधिक पाइएको छ। बालीबिरुवाका लागि आवश्यक हुने सूक्ष्म खाद्य तत्वहरू जिंक र बोरनको मात्रा पनि न्यून देखिएकाले कृषि विज्ञहरु निराश बनेका छन् ।

माटोको उर्भराशक्ति बचाउन मनपरी रासायनिक मलको प्रयोग रोक्न किसानलाई जागरूक बनाउन बेवास्ता छ। माटो बिग्रियो भन्न थालेको धेरै वर्ष भयो, तर अब के गर्ने भन्ने अलमल छ। मनपरी रासायनिक मलको प्रयोग हानिकारक छ भन्ने सन्देश दिँदै गर्दा किसानलाई अनुदानमा प्रांगारिक मल दिने र प्रांगारिक मल प्रयोग बढाउन सक्दा राम्रो नतिजा निस्कन सक्छ । माटोको उर्वराशक्ति कम हुँदै जाँदा खाद्य सुरक्षामा गम्भीर चुनौती देखापरेका छन् । अब माटोको उर्वराशक्ति बढाउन तहगत सरकारले समन्वयात्मक ढंगले काम गर्नुपर्छ ।

# पार्टी एकता केका लागि ?



विन बहादुर कुँवर

क्रान्तिकारी कम्युनिष्टहरुको मूल विचार र सिद्धान्त मालेमावाद हो। यसको निम्नतम कार्यक्रम नयाँ जनवाद हो भने अधिकतम कार्यक्रम समाजवाद-साम्यवाद हो। देशको राष्ट्रियता र स्वाभिमानको रक्षा र सर्म्वद्धन अनि जनवाद र जनजीविका यसको तत्कालीन नीति कार्यक्रम हो। पार्टी एकता यसैमा आधारित छ। यो यही संघर्षको मैदानबाट मात्र सम्भव छ। पार्टी एकता एकताका लागि मात्र नभएर देश र जनताको मुक्ति र क्रान्तिका लागि एकता हो।

नेपालमा फेरि वाम-कम्युनिष्ट पार्टीहरुबिचको एकीकरण वा एकताको चर्चा हुन थालेको छ। यो पार्टी एकीकरण वा एकता यहाँको लागि कुनै नौलो कुरा भने होइन । यसभन्दा पहिले पनि यस्ता एकता हुने गरेको थियो। यस्ता एकता पछि फेरि फुट पनि हुँदै आएको छ। पार्टी एकता अनि फुट नेपाली वाम आन्दोलनको एउटा हास्यस्पद मजाक नै बनिसकेको छ। त्यस्तै अहिले अझ बढी मजाक पार्टी एकीकरणको साथसाथै पार्टी फुट पनि भएको छ । कमसेकम यसभन्दा पहिले पार्टी एकीकरण भएको एकआध वर्ष वा महिनापछि मात्र यस्तो फुट हुने गरेको थियो। तर अहिले एकातिर पार्टी एकीकरण अनि अर्कोतिर साथमा फेरि पार्टी फुट।

हालै नेकपा (मा.के) र नेकपा एकीकृत (समाजवादी) बिच अर्थात् प्रचण्ड नेतृत्व (मा.के.) र माधव नेतृत्वको (एस) बिच पार्टी एकीकरण यही कात्तिक २० गते सम्पन्न भएको छ। तर यसको साथसाथै मा.के. पार्टीमा जनार्दन, राम कार्कीको नेतृत्वमा अर्को कम्युनिष्ट पार्टी निर्माणका लागि एउटा छुट्टै अभियानको थालनी भइसकेको छ। त्यस्तै एसमा घनश्याम आदिको नेतृत्वमा पार्टी पुनर्निर्माणको प्रयास भएको छ । त्यसैले यी दुवै पार्टी र यसका नेताहरुको यो रमिताले तल्ला नेता-कार्यकर्ताहरु रनभुल्लमा परिरहेका छन् । यी दुवै दलहरुले आआफ्नो वास्तविक चरित्र उदाङ्गो पारेका छन् । गर्नेलाई भन्दा बाहिर यो देख्नेलाई लाज भएको छ। आम जनताका अगाडि नेपालका कम्युनिष्ट भनेकै यस्तै भाग पाएजस्तो भए पनि मिल्ने नपाए फेरि तुरुन्त विभाजित भइहाल्ने । लाज मर्दो उदाहरण देखाएका छन्।

अहिले जुन कम्युनिष्ट पार्टी एकता र फुटको कुरा भइसकेको छ। सर्वप्रथम यी कुनै पनि सच्चा र क्रान्तिकारी कम्युनिष्ट पार्टी नै होइन। यस अर्थमा यी नेताहरु पनि सच्चा कम्युनिष्ट नेता पनि होइन। यी सबै अवसरवादी पार्टी अनि यी सबै अवसरवादी नेता हुन् । अवसरवादीहरुले जहिले पनि फाइदाको अवसर खोजिरहनु स्वाभाविक छ । यस्ता अवसरवादीहरुका लागि पार्टीको नीति सिद्धान्त र उद्देश्य प्रमुख हुँदैन। खाली उनीहरुका लागि व्यक्तिगत स्वार्थ र हित नै प्रमुख बन्छ । ताक परे तिवारी नत्र गोतामे अर्थात् कुरामा कम्युनिष्ट तर व्यवहारमा सामन्ती, दलाल र बुर्जुवा अवसरवादी। त्यसैले यिनीहरुले यो चरित्र र व्यवहार हेरेर अरु सच्चा कम्युनिष्ट पार्टी र नेता कार्यकर्ताप्रति पनि एकमुष्ठ यसरी नै भन्नु जायज हुँदैन । हो, अहिले नेपालमा त्यस्तो सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको अभाव छ । कम्युनिष्टको नाममा यिनै अवसरवादी पार्टीहरुकै बिगबिगी छ। तर पनि केही सच्चा क्रान्तिकारी नेता कार्यकर्ताहरुले भने यी सबै अवसरवादी पार्टीहरुको विरोध भण्डाफोर निन्दा र घृणा गर्दै त्यस्तो क्रान्तिकारी कम्युनिष्ट पार्टी पुनर्निर्माणको प्रयास भइ नै रहेको छ।

वर्तमान जेनजी विद्रोहले यी पार्टी सबैको पोल खोलिसकेको छ। यी सबैका पार्टी कार्यालय र घर बंगाल सबैमा आगलागी भइसकेको छ। अचम्म सर्वहारा कम्युनिष्ट पार्टी कार्यालय भन्ने तर आलीशान महल दरबार । सर्वहारा कम्युनिष्ट नेता कार्यकर्ता भन्ने तर घर बंगाल सबै आलीशान दरबार महल जस्तै । व्यक्तिगत सबैको लबाई, खुवाई, हिंडाई सबै सामन्ती, पुँजीपति दलालहरुकै जस्तो अनि त जनताले गर्दैन यी सबैलाई आक्रमण । बरु जेनजीहरुले गर्नुपर्ने के थियो भने यस्ता सामन्ती, दलाल र बुर्जुवा कम्युनिष्ट भनिएकाहरुका यी सब पार्टी कार्यालय, घर बंगाल अनि सम्पत्ति आगजनी नगरी जफत गरी देशका आम गास, बास, कपास विहीन सर्वहारा सुकुम्बासी गरिब किसान मजदूरहरुलाई बाँडिदिनु पर्दथ्यो । जग्गा कसको जोत्नेको घर कसको लिपपोत गर्नेको भन्ने कम्युनिष्ट सुकुम्बासी सर्वहारा किसान मजदूरहरुको मूल क्रान्तिको नारा हो । त्यसैले एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको पहिलो काम भनेकै कम्युनिष्टको नाममा भएका यी पार्टी र नेताहरुकै सम्पत्ति खोसी जनतालाई वितरण गर्ने हो।

एकता र मिलान उपयुक्त र स्वागत तर फुट विभाजनलाई नकारात्मक ठान्ने र मान्ने मानवीय स्वभाव हो । त्यही अनुरुप प्रचण्ड-माधवबिचको यो पार्टी एकीकरणलाई धेरै जसोले राम्रै मानेको हुन सक्छन्। तर यो पार्टी एकता आज किन र केका लागि ? पहिलो कुरा त यो एकतामाथि भने जस्तै चरम अवसरवादी मात्रै होइन राष्ट्रघाती जनघाती र धोकेवाज साथै भ्रष्टचारी दलालहरुबिचको एकता हो । पुरानो इतिहास साक्षी छ। राष्ट्रघाती टनकपुर महाकाली सन्धि सम्झौता पारित गराउनेमा मुख्य भूमिका तत्कालीन एमाले नेता माधवकुमार नेपालको थियो । अनि देशघाती अमेरिकी परियोजना एमसीसी सदनबाट पारित गराउन पनि यिनै दुई प्रचण्ड अनि माधव नै हुन्। आज यी दुवै एमाले नेता ओलीविरुद्ध जतिसुकै कुर्लदै हिंडे पनि राष्ट्रघातीहरुको मामिलामा यी सबै एक छन् । यसरी यस्ता राष्ट्रघातीहरुको यो एकताले देशको राष्ट्रियताका लागि बल पुग्ने देखिदैन। उल्टै राष्ट्रघात नै बढी हुनेछ।

कम्युनिष्ट आन्दोलन र विकासमा पनि यी दुवैको गद्दारी चरममा छ। १० वर्षे माओवादी जनयुद्धको नै गला रेट्ने काम यी दुवै प्रचण्ड-माधवबाट भएको छ । यसमा प्रमुख भूमिका प्रचण्डको भए पनि सहायक र सहयोगी भूमिका तत्कालीन एमाले महासचिव भएका नाताले माधवकुमारको पनि छ । १२ बुँदे दिल्ली समझदारीका प्रमुख हस्ताक्षरकर्ता यी दुवै हुन्।

अब फेरि यी दुईबाट क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको विकास र प्रगति खोज्नु र गर्नु भनेको दिउँसै सपना देख्नु जस्तै हो । आन्दोलन, विद्रोह र क्रान्तिदेखि यी दुवै मात्र होइन अझ एमाले ओली मसाल मोहन विक्रम, चित्रबहादुर आदि जोसुकै अवसरवादी होउन सबैका लागि अगुल्टाले हानेको कुकुर बिजुलीदेखि पनि तर्सन्छ भने जस्तो भइरहेको छ । त्यही भएर यिनीहरु सबले शान्तिपूर्ण संसदीय र चुनावी समन्वयकारी मेलमिलापको राजनीति गर्ने भनिरहेका छन् । वर्तमान चालु यो प्रतिक्रियावादी राज्य सत्ताअन्तर्गत अहिले पनि शान्तिपूर्ण भने पनि आखिर हुन्छ हिंसात्मक नै । उदाहरण हालै भएको जेनजी विद्रोहको छ। वर्गीय समाजमा यस प्रकारको शान्तिपूर्ण र समन्वयकारी शान्तिपूर्ण मात्र संघर्ष सम्बन्ध छैन । वर्ग संघर्षको चरम उत्सर्ग विद्रोह नै हो।

यो प्रचण्ड माधव नेतृत्वबिचको यो कथित १० दलीय वाम एकता सारमाभन्दा संसदीय चुनावी एकता नै हो। मिसन आगामी गर्ने भनिएको संसदीय निर्वाचन नै हो । कांग्रेस-एमालेलाई देखाउने जेनजीहरुलाई तितरवितर पार्ने अनि जसरी हुन्छ सत्तामा पुग्ने निहीत स्वार्थमा केन्द्रित छ, यो एकता। प्रचण्डले यो एकता समारोहमा पटकपटक भनिरहे अबको पहिलो ठूलो दल नेकपा नै हो। तर वास्तवमा यो के हो ? आगामी दिनमा देखिनेछ । एमाले-माओवादी केन्द्रबिचको पहिलो पार्टी एकता र त्यसको चुनावी परिणामपछि पनि यस्तै दम्भ र हुंकार ओली प्रचण्डको थियो। तर यो एक डेढ वर्षपछि नै धुजा धुजा भयो। अन्तिममा सबै जहाँको तही। ठीक यस्तै अब पनि यो कथित पार्टी एकतामा हुने सम्भावनालाई नकार्न सकिंदैन । किनकि अहिले पनि यो सरकार र संसद विघटनकाविरुद्ध सर्वोच्चमा बहस पौरवी भइरहेको छ। कुनै कारण फेरि संसदको पुनर्स्थापना भएमा यी अवसरवादी दलाल प्रचण्ड-माधव-झलनाथहरुको यो दम्भ र हुँकार त्यत्तिकै खेर जानेछ । पुरेतका दानका गाई जस्तै सबै तितरवितर जहाँको तही । यो अहिले कुनै कारण नभए पनि आगामी संसदीय निर्वाचनपछि यस्तै हुने निश्चित नै छ।

अन्त्यमा वाम कम्युनिष्ट एकता आजको आवश्यकता हो। तर यस्तो अवसरवादी एकता भने होइन। सच्चा मार्क्सवादी, लेनिनवादी र माओवादी क्रान्तिकारी पार्टी समूह र केन्द्रहरुबिचको पार्टी एकता यसरी एउटा हचुवाको भरमा हुँदैन । खाली आ-आफ्नो पद, प्रतिष्ठा र कुर्सी अनि अस्तित्व रक्षका खातिर गरिने यस प्रकारको पार्टी एकताले देश र जनताको हित मुक्ति सम्भव छैन । यस्तो एकता अस्थिर र क्षणिक मात्र हुन्छ । खास क्रान्तिकारी पार्टी एकता एउटा खास विचार-सिद्धान्त र राजनीतिमा आधारित हुन्छ । हालका क्रान्तिकारी कम्युनिष्टहरुको मूल विचार र सिद्धान्त मालेमावाद हो । यसको निम्नतम कार्यक्रम नयाँ जनवाद हो भने अधिकतम कार्यक्रम समाजवाद-साम्यवाद हो । देशको राष्ट्रियता र स्वाभिमानको रक्षा र सर्म्वद्धन अनि जनवाद र जनजीविका यसको तत्कालीन नीति कार्यक्रम हो। पार्टी एकता यसैमा आधारित छ। यो यही संघर्षको मैदानबाट मात्र सम्भव छ । पार्टी एकता एकताका लागि मात्र नभएर देश र जनताको मुक्ति र क्रान्तिका लागि एकता हो।

# सेयर बजार ११.२९ अंकले घट्यो



काठमाडौं । बिहीबार सेयर बजारको परिसूचक नेप्से २५९६ अंकमा झरेको छ।

बुधबार २६०७ अंकमा रहेको बजारको परिसूचक नेप्से बिहीबार ११.२९ अंक घटेको हो। कारोबार रकम बढेको छ। बुधबार ४ अर्ब ६८ करोडको कारोबार भएकोमा बिहीबार ५ अर्ब ४१ करोडको भयो।

७७ कम्पनीको मूल्य बढ्दा १६५ को घट्यो भने ९ को स्थिर रह्यो। सबै समूहका सूचकको उतारचढाव १ प्रतिशतभन्दा कम रह्यो।

बैंकिङ ०.४३, विकास बैंक ०.५४, फाइनान्स ०.१७, होटल तथा पर्यटन ०.२५, जलविद्युत् ०.६८, लगानी ०.११, जीवन बिमा ०.५७, माइक्रोफाइनान्स ०.१३, निर्जीवन बिमा ०.९९, अन्य ०.६२ तथा व्यापार ०.२१ प्रतिशत घटे। उत्पादन तथा प्रशोधन समूह ०.१२ प्रतिशत बढ्यो।

दरामखोला हाइड्रोपावर र माबिलुङ इनर्जीको मूल्य १० प्रतिशत बढ्यो । यी दुबै कम्पनी हालै सूचीकृत भइ कारोबारमा आएका हुन्। दरामखोलाको मूल्य प्रतिकित्ता ४४२.४० तथा माबिलुङको ४२२.७० कायम भएको छ। उपकार लघुवित्तको ८.१५, उन्नति सहकार्य लघुवित्तको ८.११ तथा मानुषी लघुवित्तको मूल्य ७.९७ प्रतिशत बढ्यो।

सम्पदा लघुवित्तको मूल्य सबैभन्दा धेरै १० प्रतिशत घट्यो । पिपुल्स पावरको ४.३७, मोदी इनर्जीको ३.०७ प्रतिशत घट्यो । रकमका आधारमा धेरै कारोबार भएका पाँच कम्पनीमा शिवम् सिमेन्ट, राधि विद्युत्, हिमालयन डिस्टिलरी, एनआरएन इन्फ्रास्ट्रक्चर र युनियन हाइड्रोपावर रहे।

**Lumbini Province Government**
**Road Infrastructure Development Office, Arghakhanchi**

**Invitation for Online Sealed Quotation**

Date of Publication: 7thNovember, 2025(2082/07/21)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi, Office Code No: 3370151015 (Dharauti and Rajaswa), Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000, Last Date of Bid Purchase and Submission: 23th Nov, 2025 (2082-08-07)12:00 Hrs. Bid Security Amount with Validity up to 5thFeb, 2026:-NRs. 35,000.00

| SN | Name of Project/Contract No. | Estimated Amount Excl.VAT |
|---|---|---|
| 1. | Sitganga Na.Pa. 9 Khaireni Chhahare talla sadak starunnatiRIDO-ARG-W-SQ-38-2082/083 | 13,79,268.38 |
| 2. | Panini Ga.Pa. 08 Paliko Hulak Koldanda Kukhure Deurali sadak./RIDO-ARG-W-SQ-39-2082/083 | 13,79,294.31 |
| 3. | Basakarukha Bhartapur motarbato./RIDO-ARG-W-SQ-40-2082/083 | 13,79,284.72 |
| 4. | Malika Tribeni motarbato Panini 5/RIDO-ARG-W-SQ-41-2082/083 | 13,79,135.01 |
| 5. | Agani Cement Dekhi Tin Khande motarbato/RIDO-ARG-W-SQ-42-2082/083 | 13,79,231.59 |
| 6. | Hare Gawadhe Batule Koshira Unayachaur motarbato./RIDO-ARG-W-SQ-43-2082/083 | 13,79,265.85 |
| 7. | Rapti pul i Badkapath Dayam hudai Krishnasen Ichhuk park sadak/RIDO-ARG-W-SQ-44-2082/083 | 13,79,298.63 |
| 8. | Chakala Hatidhunga Siddhara Bahakhor sadak/RIDO-ARG-W-SQ-45-2082/083 | 13,79,200.57 |
| 9. | Lamatal Aasare Baseni Damara sadak/RIDO-ARG-W-SQ-46-2082/083 | 13,79,254.60 |
| 10. | Jaluke Kalleri Pakha Chaur motarbato/RIDO-ARG-W-SQ-47-2082/083 | 13,79,227.44 |
| 11. | Khamari Kaleri Bokshichaur motarbato/RIDO-ARG-W-SQ-48-202082/083 | 13,79,263.80 |
| 12. | Sayalpata Ward Karyalaya hudai Dagil sadak, Panini 1 /RIDO-ARG-W-SQ-49-2082/083 | 13,79,250.81 |

# गौतमबुद्ध प्रेस क्लब गठन, अध्यक्षमा नवीन घिमिरे



सैनामैना । रुपन्देहीको सैनामैना, कञ्चन र गैंडहवामा पत्रकारिता गर्दै आइरहेका कृयाशिल पत्रकारहरु संगठित भएका छन् । स्थानीय क्षेत्रका गतिविधि तथा समसामयिक विषयहरुलाई रिपोर्टिङ, समाचार र आलेख लेख्दै स्थानीय क्षेत्रलाई समेत मोफसलसँग जोड्दै आइरहेका सञ्चारकर्मीहरूको एक भेलाले गौतमबुद्ध प्रेस क्लब नामक साझा संगगठन निर्माण गरेका हुन् ।

बिहीबार साझा टेलिभिजनका समाचार प्रमुख छवि पाण्डेको प्रारम्भिक भेलाले साझा टेलिभिजन एच डी का स्टेशन म्यानेजर थानेश्वर घिमिरे (नविन) को अध्यक्षतामा ९ सदस्यीय गौतमबुद्ध प्रेस क्लब गठन भएको हो ।

नव गठित प्रेस क्लबको उपाध्यक्षमा रेडियो आवाजका कृष्ण भण्डारी, महासचिवमा रेडियो सैनामैनाका अनिल पहाडी, सचिवमा दैनिक लुम्बिनीका संवाददाता अनिता चौधरी र कोषाध्यक्षमा रेडियो टाइम्सका नरेश चौधरी सर्वसम्मत निर्वाचित भएका छन् । यस्तै सैनामैनाको बाबरी पार्टी प्यालेसमा भएको भेलाले सदस्यहरूमा हाम्रो लुम्बिनी खबरका दिनेश घिमिरे, रेडियो कञ्चनका गोबिन्द आचार्य, उज्यालो अनलाइनका रमेश गैरे, रेडियो मलमलाका रितु बौडेल निर्वाचित भएका छन् । सोही भेलाले वरिष्ठ पत्रकार छवि पाण्डे, वरिष्ठ पत्रकार डीआर पन्थी र पत्रकार भुवन जीसीलाई क्लबको सल्लाहकारहरुमा मनोनयन समेत गरेको छ ।

आवाजविहीनहरूको आवाज बुलन्द रूपमा उठाउने, सामाजिक सरोकारका विषयमा अन्तरक्रिया गर्ने, मिडिया हाउसहरूको प्रवर्धन गर्ने तथा पत्रकार, सञ्चारकर्मी र मिडिया उद्यमीहरूको हकहितमा काम गर्ने उद्देश्यका साथ क्लब गठन गरिएको नव गठित गौतमबुद्ध प्रेस क्लबका अध्यक्ष थानेश्वर घिमिरे (नवीन) ले बताए ।

भेलामा उपस्थित पत्रकारहरुलाई सम्बोधन गर्दै अध्यक्ष घिमिरेले क्लबमार्फत् यस सैनामैना, कञ्चन र गैंडहवा क्षेत्रमा रहेर पत्रकारितामार्फत् यस क्षेत्रको हरेक गतिविधि र कार्हरुलाई मोफसलसँग जोड्ने अग्रज पत्रकारलाई सम्मान गर्ने र नव सञ्चारकर्मीहरुलाई पत्रकारिताको मापदण्डमा रहेर कार्य गर्न प्रोत्साहन गर्ने प्रतिबद्धता जनाए । यसैगरी नयाँ पत्रकारलाई अवसर र क्षमता अभिवृद्धिमा जोड दिँदै व्यवसायिक तथा उत्तरदायी पत्रकारिताको सुदृढीकरणमा योगदान पुऱ्याउने लक्ष्य र उद्देश्यका साथ क्लब गठन गरिएको समेत अध्यक्ष घिमिरेले जनाए ।

सैनामैना, कञ्चन र गैंडहवामा टेलिभिजन, रेडियो र अनलाइन खबर समेत गरी एक दर्जनभन्दा बढी सञ्चार गृहहरुमा दुई दर्जनभन्दा बढी सञ्चारकर्मीहरु आबद्ध रहेका छन् । नवगठित क्लबलाई विभिन्न निकायहरुमा दर्ता गर्नका गर्नका लागि आवश्यक विधान मस्यौदा तयार गरी तत्काल प्रकृया अगाडि बढाउने समेत भेला पछि बसेको तदर्थ समितिको पहिलो बैठकले निर्णय गरेको छ ।

# मारमा मौरीपालक किसान



चितवन । सरकारले आयातित महलाई बजारमा प्रमुख स्थान दिँदा स्वदेशी मौरीपालक किसान असन्तुष्ट भएका छन् ।

मह उत्पादन र खपतको मुख्य समय असोजदेखि चैत्रसम्म हुने भएकाले सो अवधिमा विदेशी मह आयात गर्ने सरकारको निर्णय किसानको हितमा नरहेको किसानको गुनासो छ । साथै चरन क्षेत्रमा हुने विभिन्न अवरोधका कारण पनि मौरीपालक किसान थप मर्कामा छन् ।

सरकारले सहयोग नगरे विदेशी बहुराष्ट्रिय कम्पनी र ठूला व्यवसायी-बिचौलियाले मौरीपालक किसानलाई विस्थापित गर्ने उनीहरुको भनाइ छ । नेपाल मौरीपालक महासङ्घका वरिष्ठ उपाध्यक्ष पदमप्रसाद अमगाईंले भने-"यो समयमा किसानको मह बिक्री नभए वर्षभरिको लगानी र परिश्रम खेर जान्छ ।"

उनका अनुसार चरन अवधिमा फुलमा विषादी छर्किंदा मौरी मर्ने, वन कार्यालयले हरेक घारका लागि रु ३०० लिने, बाटोमा अवरोध हुने र बीमा दाबीसमेत गर्न कठिन हुने गरेको छ । चरन क्षेत्र दाङ र कपिलवस्तु हुँदै चितवनसम्म फैलिएको छ । उनले किसानबिचमा पनि अस्वस्थ प्रतिस्पर्धाका कारण चरन क्षेत्रमा असमानता र झन्झट भएको बताए ।

भरतपुरका मौरीपालक किसान विष्णुप्रसाद भुसालले बाहिरी जिल्लामा मौरी चराउन लैजाँदा वन कार्यालयलाई शुल्क तिर्नुपर्ने हुँदा राज्यले यसमा सहुलियत दिनुपर्ने माग गरे ।

नेपाल मौरीपालक महासङ्घकी पूर्वउपाध्यक्ष गीता देवकोटाकाअनुसार अहिले मह बिक्री र चरन दुबै क्षेत्रमा समस्या छ । आयात खुला हुँदा किसान निरुत्साहित भएका छन् । उनले भनिन्-"यो सिजनमा एउटै किसानले ४-५ टनसम्म मह उत्पादन गर्छ । त्यसैले स्वदेशी महलाई प्राथमिकता दिई किसानलाई प्रोत्साहन गर्नुपर्छ ।"

विसं २०५१ सालदेखि व्यवसायिक मौरीपालन सुरु भएको नेपालमा अहिले मेलिफेरा जातका करिब एक लाख ३० हजार र सेरेना जातका करिब एक लाख ७० हजार घार छन् ।

मेलिफेराबाट वार्षिक करिब चार हजार मेट्रिकटन र सेरेनाबाट एक हजार मेट्रिकटन मह उत्पादन हुने अनुमान छ । हाल मेलिफेरा मौरीपालनमा करिब १२ हजार किसान र सेरेना मौरीपालनमा हजारौं किसान संलग्न छन् ।

# मतदाता नामावली दर्तामा उत्साहजनक सहभागिता

नेपालगञ्ज । बाँकेमा फोटोसहितको मतदाता नामावली दर्तामा उत्साहजनक सहभागिता देखिएको छ । हालसम्म चार हजार १९३ जना नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीले मतदाता नामावलीमा नाम दर्ता गराउनेमध्ये ६० प्रतिशत हाराहारीमा युवा पुस्ता रहेको जानकारी दिए । उनले निर्वाचन कार्यालयमा दैनिक दुई सयको हाराहारीमा नाम दर्ता भइरहेको बताए ।

बाँकेमा तीन लाख ३३ हजार ९३४ मतदाता छन् । सो मतदातामध्ये एक लाख ६९ हजार ८७६ पुरुष, एक लाख ६४ हजार ४९ महिला र नौ जना अन्य छन् ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**(प्रशासन शाखा)**
**सिद्धार्थनगर, रूपन्देही, नेपाल**

## प्रमाणित सम्बन्धमा ।

सूचना प्रकाशित मितिः २०८२।७।१९
ने. सं. ११४६

जिल्ला रुपन्देही बुटवल उपमहानगरगरपालिका वडा नं. १३ बस्ने भारतीय भु. पु. सैनिक नं. 5845216 का 1/9 G.R., P.P.O. S/020759/2006 T.S. No. 127925 पदका पेन्सनर हिम बहादुर कवरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर हिम बहादुर कवर, जन्ममिति वि.सं. २०१५।०७।२५ उल्लेख भएको तथा भारतीय पेन्सन रेकर्डमा नामथर हिम बहादुर क्षेत्री जन्ममिति ई.स.१९६३।११।०१ उल्लेख भएको साथै निजको पत्नीको नागरिकता प्रमाण पत्रमा नामथर वसन्त देवी कंवर उल्लेख भएको तथा पतिको भारतीय पेन्सन रेकर्डमा नामथर पार्वती देवी उल्लेख भई नामथर र जन्ममिति फरक परेकोमा उल्लेखित फरक फरक नामथर र जन्ममिति भएका व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित बुटवल उपमहानगरगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १०३१, मिति २०८२/०७/१७ को सिफारिसबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ ।



प्रमुख जिल्ला अधिकारी

# SHIVRAJ MUNICIPALITY
## Office Of the Municipal Executive
**Chandrauta, kapilvastu**
**Lumbini province,Nepal**

## Invitation For Electronic Bid

**Second Notice**

Date of Publication:7thNov,2025(2082/07/21)

1. Shivraj Municipality Office,Chandrauta Kapilvastu invites only electronic bid from eligible bidders for the procurement of contract mentioned in table below.

| S. N. | Contract Identification No. | Works Description | Estimated Amount with VAT and PS (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 04/SQ/W3 /082/083 | Hangsabahini tol prem paudel ko ghar dekhi daxin gopal sunarko ghar samma pcc dhalan, basantapur pahalaadko ghar dekhi rita khatik ko ghar samma ra kallu kajudako ghar dekhi tilakram chaudharyko ghar samma sadak pcc dhalan, katuwa anbarko ghar dekhi paxim jane bato starunnati | 1433592.97 | 1000 | 35000 validity period:45 days issued by A class Bank | 75 Days |

2. Date of purchasing, submission and opening of bids:

| Last Date of Purchase and Submission of Bids | Date of Pre-Bid Meeting | Date of Opening of Bids | Employers Bank Account for the Purchasing of Bid Documents | Employers Bank Account to Deposit Bid Security |
|---|---|---|---|---|
| 23Nov2025 Tme:12:00 Noon Shivraj Municipality | | 23Nov 2025 Time:13:00 Shivraj Municipality | Nepal Bank, Chandrauta Branch,Kapilvastu 22803000001001000001 Aantarik Rajaswo khata | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000003000000001 Dharauti khata |

3. Eligible Bidders may obtain further information at Shivraj Municipality office, Kapilvastu, phone No; 076-540118, 076-540147, 9857014755 and email address:shivrajmunicipality@gmail.com OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.

**Chief administrative Officer**

# KAWASOTI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
**GANDAKI PROVINCE, NEPAL**

## Invitation for Bids

First Date of Publication:2082/07/21

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the followingconstruction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 07/KM/ NCB/WORKS/ 2082/83 | Road Upgrading Works at Beltandi,Gorsati,Setapani and Devighol | 32,13,222.11 | 2082/08/21, BS) Upto 12Hr | 120 days | 92,500 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

# Rainadevi Chhahara Rural Municipality
## Office of the Rural Municipal Executive
**Chhahara, Palpa**

## Invitation for Bids

First Date of publication: 07thNovember 2025 AD (2082-07-21BS)

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S. N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/G/ NCB-05/2082-83 | Purchase, Supply and Delivery of Mini Tiller, Combined Mill, Chaff Cutter and Brush Cutter | 21stMangsir 2082 12:00PM | 21stMangsir 2082 1:00PM | 90 & 120 days | Rs.3,00,000.00 | Rs.3,000.00 |

Chief Administrative Officer

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी



धान काट्दै किसान

म्याग्दीको मङ्गला गाउँपालिका-२ स्थित सिमको फाँटमा धान काट्दै गरेका किसानहरु। यतिबेला गाउँघरमा किसानहरुलाई धान भित्र्याउने चटारो बढेको छ। तस्विर : कमल खत्री / रासस

# कार्यकर्ताको परीक्षा अब सडकमा हुन्छः पौडेल



बुटवल। नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले अब कार्यकर्ताको वास्तविक परीक्षा बैठक र कोठामा होइन, सडकमा हुने बताएका छन्। लुम्बिनी प्रदेश कमिटीको बैठकलाई सम्बोधन गर्दै उनले पार्टीका कार्यकर्ताले आन्दोलन र जनताको पक्षमा उभिएर आफ्नो जिम्मेवारी प्रमाणित गर्नुपर्ने बताए।

उनका अनुसार प्रतिगमनविरुद्धको आन्दोलन र प्रतिनिधिसभा पुनःस्थापनाका लागि हुने संघर्ष कार्यकर्ताको परीक्षणको घडी हो। "अब परीक्षा वक्तृत्वमा होइन, व्यवहारमा हुन्छ। जनताको अधिकार र लोकतन्त्रको रक्षा गर्न अग्रपंक्तिमा उभिन सक्नुपर्छ।"- पौडेलले भने।

उपाध्यक्ष पौडेलले आसन्न ११औं राष्ट्रिय महाधिवेशनले केवल एमालेको मात्र नभई सिंगो राष्ट्रको भविष्य निर्धारण गर्ने बताए। उनले यो महाधिवेशनलाई समृद्धि र समाजवादको यात्रासँग जोडिएको ऐतिहासिक अवसरको रूपमा व्याख्या गरे। "हामीले देशलाई स्थायित्व, विकास र राष्ट्रिय एकताको बाटोमा अघि बढाउने जिम्मा लिएको छौं।" उनले भने।

उनले दशौं महाधिवेशनले तोकेको मापदण्ड र पद्धतिलाई कायम राख्दै प्रतिनिधि चयन गर्नुपर्नेमा पनि जोड दिए। पौडेलले पार्टीभित्र शुद्धिकरण र संगठन सुदृढीकरणको आवश्यकता औंल्याउँदै अनुशासन, एकता र विचारमा दृढता देखाउन आग्रह गरे।

हाल एमाले विभिन्न पक्षबाट प्रहारको निशाना बनेको उल्लेख गर्दै पौडेलले त्यसलाई परास्त गरेर पार्टीलाई अझ सबल र जनमुखी बनाउन सबै स्तरका नेताकार्यकर्ताले भूमिका निर्वाह गर्नुपर्ने बताए। "पार्टीमाथि भएका हरेक प्रहारलाई प्रतिरोध गर्दै हामीले जनताको भरोसा पुनःस्थापित गर्नुपर्छ।"-उनले भने।

बैठकमा उनले आगामी राजनीतिक कार्यक्रम, संगठन सुदृढीकरण र ११औं महाधिवेशन तयारीका विषयमा समेत निर्देशन दिएका थिए।

# उत्तरबाहिनी क्षेत्र असेर्दी र मालुङ्गाको संगमस्थल धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै



**कृष्ण पोखरेल**
*पाल्पा*

कालीगण्डकीको उत्तरबाहिनी क्षेत्र पाल्पाको असेर्दी र स्याङ्जाको मालुङ्गाको संगमस्थल धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ। अर्सेदी मालुङ्गा संगमस्थलम कालीगण्डकी नदी उत्तर दिशातर्फ बगेको लामो दुरी मानिन्छ। गण्डकीको उत्तरबाहिनी क्षेत्र प्रचार प्रसार तथा महत्व बुझाउन गण्डकीको किनारामा उत्तर गण्डकी महामेला तथा दामोदर धर्मोत्सव गरिएको छ।

हिन्दु धर्ममा उत्तरबाहिनी गण्डकीको विशेष महत्व रहेको छ। उत्तरबाहिनी गण्डकीमा स्नान, श्राद्ध, तर्पण, ज्ञान महायज्ञ, दान जस्ता कार्यहरु निकै पवित्र मानिन्छ। उत्तरबाहिनी गण्डकीको महत्वको बारे देश विदेशमा प्रचार प्रसार गर्न कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानले, स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गा र रम्भा गाउँपालिका-१ हुगी अर्सेदीको संगमस्थल कालीगण्डकीको तिरमा एक महिने उत्तर गण्डकी महामेला गरेको छ। असोज २१ गतेदेखि कार्तिक १९ गतेसम्म भएको महामेला धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि महत्वपूर्ण मानिएको छ। महामेलाले कालीगण्डकीलाई विश्वभरका श्रद्धालुका लागि आस्थाको केन्द्रका रूपमा परिचित गराएको छ। शालिग्रामको उत्पत्तिस्थल र भगवान विष्णुको प्रतीक माने जाने कालीगण्डकी नदीको धार्मिक, ऐतिहासिक र पौराणिक महत्वलाई उजागर गर्दै, उत्तरबाहिनी क्षेत्रमा धार्मिक पर्यटन विकासको नयाँ बाटो खोलेको महामेलामा सहभागी नारायण दास नागा (बुलेट बाबा) ले बताए।

संगमस्थलको विकास तथा प्रचारप्रसारको लागि आध्यात्मिक व्यक्तित्व चैतन्य कृष्णको नेतृत्वमा २०७२ सालदेखि कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानको माध्यमबाट पूर्वाधार निर्माणसँगै उत्तरबाहिनीको धार्मिक महत्वको विषयमा लुम्बिनी र गण्डकी प्रदेशसँगै जोडिएका पालिकाबाट विविध प्रकृतिका कामहरु हुँदै आएका छन्। अहिले उत्तरबाहिनी क्षेत्रमा १०८ गंगा धाराबाट नुहाउने, १०८ पिपल तथा शिवलिङ्ग पूजा, प्राकृतिक उपचार केन्द्र, गुरुकुलम जस्ता पूर्वाधार निर्माण गरी सञ्चालनमा आएका छन्।

हिन्दू धर्मशास्त्र अनुसार, कालीगण्डकी नदीमा स्नान र भगवानको दर्शन गर्नाले पापकर्म नाश हुने र मोक्ष प्राप्त हुने जनविश्वास रहेको छ। कालीगण्डकीको अर्सेदी मालुङ्गा संगमस्थल उत्तरबाहिनी क्षेत्रमा मार्कण्डेय ऋषिले तपस्या गरेको र शिवको महालिङ्ग भएकोले उत्तरबाहिनीको अझ बढी महत्व बढेको छ। कालीगण्डकीको किनारमा पाइने शालिग्राम पत्थरहरूलाई भगवान विष्णुको प्रत्यक्ष स्वरूपमा पुज्ने परम्परा रहेको पाइन्छ।

महामेलामा पाल्पा, गुल्मी, पर्वत, बागलुङ, तनहुँलगायतका क्षेत्रका साथै भारत र नेपालका विभिन्न तीर्थस्थलका धर्मगुरु, साधु-सन्त, वैदिक आचार्य र ३ लाख बढी भक्तजनहरूको सहभागिताले उत्तरबाहिनी गण्डकीको महत्व बढेको छ। धार्मिक महोत्सवमा २ करोड रुपैयाँभन्दा आर्थिक संकलन भएको छ। धार्मिक महामेलामा सहभागी धर्मगुरु साधु सन्त तथा आचार्यहरुले उत्तर गण्डकी क्षेत्रलाई 'आध्यात्मिक ज्ञानको पवित्र भूमि'का रूपमा विश्वव्यापी रुपमा फैलाउनु पर्नेमा जोड दिए। महामेलामा १०८ गंगा जलबाट नुहाउने व्यवस्था, दैनिक पूजा पाठ, ध्यान साधना, वैदिक अनुष्ठान, सवालाख शालिग्राम पूजा, १०८ शिवलिङ्ग पूजा, गङ्गा आरती, प्रवचन, विश्वकै ठूलो शंखको अवलोकन तथा विशाल शिव मूर्ति दर्शन तथा धार्मिक सांस्कृतिक प्रस्तुतिहरू सञ्चालन भए। धार्मिक महामेलाले धार्मिक पर्यटनमार्फत् गाउँस्तरमै रोजगारी र आम्दानीको नयाँ सम्भावना बढ्दै गएको देखिन्छ।

आगामी वर्षहरूमा उत्तरबाहिनी कालीगण्डकी क्षेत्रको महत्व बढाउँदै लैजाउने शालिग्रामको महत्वलाई विश्व व्यापी बनाउने-कालीगण्डकीलाई धार्मिक नदीको रुपमा परिचित बनाउने, तीर्थ सर्किटका रूपमा विकास गर्ने योजना बनाइएको छ। उत्तरबाहिनी क्षेत्रमा नदीमै, स्नान गृह, स्थायी ध्यान-साधना केन्द्र, धर्मशाला, गुरुकुलम, व्यवस्थित प्राकृतिक चिकित्सालय, सरसफाइ, बाटोघाटो र तिर्थयात्रीका लागि पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने उत्तर गण्डकी महामेलाका सचिव कृष्णप्रसाद रेग्मीले बताए।

कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठाने अर्सेदी र मालुङ्गाको संगम स्थल कालीगण्डकी उत्तरबाहिनी क्षेत्रमा विश्व व्यापी रुपमा प्रचारप्रसार गर्न २०७२ सालदेखि निरन्तर काम गर्दै आएको छ। यस्ता धार्मिक आयोजनाहरूले उत्तरबाहिनी काली गण्डकीलाई 'नेपालको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न ठुलो मद्दत मिलेको छ।

# नवीनमा नतिजा प्रकाशन तथा पुरस्कार वितरण

बुटवल। नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा कक्षा ११ को प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन तथा पुरस्कार वितरण कार्यक्रम बिहीबार सम्पन्न भएको छ।

उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व सचिव दिपेन्द्रबिक्रम थापाले विद्यार्थीहरुले कुनै पनि काम गर्दा सय प्रतिशत ध्यान दिएर गरेमा सबै विद्यामा सफलता प्राप्त हुने भएकोले विद्यार्थीहरुलाई लगनशील भएर लाग्न सुझाव दिए।

शिक्षा तथा मानवस्रोत विकास केन्द्र योजना तथा अनुगमन महाशाखाका निर्देशक निलकन्ठ ढकालले यस विद्यालयले प्राप्त गरेका उपलब्धि तथा असल शैक्षिक अभ्यासहरुको बारेमा परिचित भएको धारण व्यक्त गर्दै सफलताको लागि कुनै पनि काम अरुले भन्दा फरक तरिकाले गर्नु पर्नेमा जोड दिँदै विद्यालयमा पाँच हजार बढी विद्यार्थीहरु हुनुमा संघीय सरकार, स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन, शिक्षक स्टाफ तथा विद्यार्थीको नतिजाको योगदान अतुलनीय भएको धारणा व्यक्त गरे।

बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडाध्यक्ष एवं विद्यालयका संरक्षक रामचन्द्र क्षेत्रीको अध्यक्षतामा विज्ञान समूह कक्षा ११ की छात्रा इशा कुँवरको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयका असल शैक्षिक अभ्यास, उपलब्धि, सबल पक्ष र चुनौतीलगायतका विषयमा सहजीकरण गरेका थिए।

## बुद्धभूमि नगरपालिका
### नगर कार्यपालिका कार्यालय
**हनुमान चोक -बुड्डी ,कपिलबस्तु**
**लुम्बिनी प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :-२०८२/०७/२१

यस कार्यालयबाट मिति २०८२ भद्रा ३१ गतेको प्रकाशित सूचना अनुसार तपसील बमोजिमको खरिद गर्ने योजना कार्यका लागि बिधुतिय माध्यमबाट बोलपत्र आह्वान सम्बन्धि सूचना प्रकासन गरिएकोमा म्याद भित्र सिस्टममा रित पुर्बक दर्ता हुन आएका बोलपत्र मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही रहेका भनि बोलपत्र मुल्यांकन समितिबाट सिफारिस भै आएकोले सार्बजनिक खरिद ऐन२०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकासित गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र P.S. सहित) रु |
|---|---|---|---|---|
| 1 | 4/BM/BDG/ 2082/083 | Construction Of Unfinished work at Tarkeshwor Temple-01 | श्री Samabeshi infrastructure Pvt.Ltd. Kathmandu | 3450528.79 |

**वासुदेव भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

# कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी

नेपालगञ्ज। नेपालगञ्ज कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी राखिएको छ। 'एडभोकेसी' फोरम नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र उपभोक्ता संरक्षण मञ्च लुम्बिनी प्रदेशले संयुक्त रूपमा गरेको अनुगमनमा जेनजी प्रदर्शनपछि बाँके कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको पाइएको हो।

अनुगमनपश्चात् नेपालगञ्ज कारागारको अवस्था सुधार गरी कैदीबन्दीको उचित व्यवस्थापन गर्न आग्रह गरिएको छ। कारागारमा अहिले ३५० कैदीबन्दीको क्षमता रहेकामा ८०० कैदीबन्दी तथा थुनुवा राखिएको छ। यहाँ रहेका कैदीबन्दीमध्ये सबैभन्दा बढी लागुऔषध कारोबार, जबरजस्ती करणी, कर्तव्यज्यान मुद्दाका रहेका कारागार प्रशासनले जनाएको छ।

कारागारका जेलर प्रकाश ढुङ्गानाले महिला कैदीबन्दी गृह नभएकाले बर्दिया कारागारमा पठाउने तयारी भइरहेको जानकारी दिए। जेनजी प्रदर्शनका क्रममा केही कैदीबन्दी भाग्न खोजेपछि सुरक्षाकर्मीले नियन्त्रणका लागि गोली चलाउँदा कैलालीका २४ वर्षीय उमेश बमको खुट्टामा गोली लागेर घाइते भएको उल्लेख गर्दै उनले बमको अवस्था सामान्य भएपछि पुनः कारागार फर्किएका बताए।

क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी बस्नुपर्ने अवस्था भएकाले बसोबास, स्वास्थ्य र सरसफाइमा कठिनाइ देखिएपछि सुधारका लागि आग्रह गरिएको एडभोकेसी फोरमका प्रदेश संयोजक वसन्त गौतमले बताए। उनले कारागारमा अस्थायी रूपमा एक महिलाबन्दी राखिएको भए पनि बाँकेमा महिला कैदीबन्दीका लागि छुट्टै कारागार भवनको अभाव रहेको उल्लेख गरे।

कारागारमा कैदीबन्दीका लागि पिउने पानी, सरसफाइ र स्वास्थ्य उपचारको सामान्य सुविधा मात्र रहेको पाइएको अनुगमन टोलीले जनाएको छ। स्वच्छ पानीका लागि समरसेल र मिनरल वाटरको व्यवस्था गरिएको छ भने ए ब्लक र बी ब्लकमा गरी ११ वटा सार्वजनिक शौचालय सञ्चालनमा छन्। प्राथमिक तहको विद्यालय पनि सञ्चालनमा रहेको सो कारागारमा कक्षा १ देखि ५ कक्षासम्म ९८ जना कैदीबन्दीले अध्यायन गरिरहेका जेलर ढङ्गानाले जनाकारी दिए।

कारागारको प्रशासनिक भवन जीर्ण भएकाले कर्मचारीले असुरक्षित महसुस गर्दै बाहिरबाट काम गर्नुपर्ने अवस्था, अदालतबाट कैदीपुर्जी ढिलो प्राप्त हुने, पुनरावेदन म्याद ढिलाइ हुने, कैदीबन्दीका उजुरी समयमा सम्बोधन नहुनेलगायत समस्या समाधानका लागि कारागार प्रशासनलाई आग्रह गरिएको संयोजक गौतमले बताए।

अनुमगनमा टोलीमा इन्सेकका कार्यक्रम अधिकृत टेकनाथ आचार्य, उपभोक्ता संरक्षण मञ्चका प्रदेश उपाध्यक्ष प्रभातकुमार ठकुरीलगायत सहभागी थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com